नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(.................................)

महानिर्देशकः- ५३४७०३७
प्रशासनः- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्याः-
च.नं.:-

**पर्वतारोहण तथा पदयात्रामा जाने पर्यटक एव अन्य व्यक्तिहरूको लागि जारी गरिएको मौसम सम्बन्धी सूचना !**

सन् २०२६ को शरद ऋतु हिमाल आरोहण तथा पदयात्राका लागि अनुमति जारी भई पर्वतारोही, पदयात्री तथा सहयोगी कर्मचारीहरू गन्तव्यमा पुगिसकेको साथै पुग्ने क्रममा रहेको जानकारी प्राप्त भएको छ।

नेपाल मौसम विज्ञान विभागको मिति २०८३/०७/०९ मौसम बुलेटिन बमोजिम कार्तिक ११ गते बुधबार देखि १५ गते आइतबारसम्म मुलुकभरका विभिन्न स्थानमा मेघ गर्जन/चट्याङ्ग/हावाहुरी सहित भारी वर्षा हुन सक्ने तथा सम्भावित वर्षाको कारण भू-क्षय, बाढी पहिरो जोखिमका साथै हिमाली क्षेत्रहरूमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको जोखिम रहेकोले हिमपात हुन सक्ने पूर्वानुमान गरिएको छ। पूर्वानुमान बमोजिम मौसमी प्रणालीमा असर देखिएमा पदयात्रा तथा हिमाल आरोहणका क्षेत्रहरू समेत प्रभावित हुने सम्भावना रहेको हुँदा पर्यटकहरू उच्च हिमाली भूभागमा नजानुहुन र गईसकेको भएमा पर्वतारोही, पदयात्री तथा सम्बन्धित सबैले उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ। नेपाल सरकार तथा अन्य आधिकारिक निकायका अद्यावधिक मौसमी पूर्वानुमानलाई मध्यनजर गरी आफ्नो भावी योजना तय गर्नुहुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूमा अनुरोध छ।

पदयात्रा तथा हिमाल आरोहण अनुमति जारी भएका हिमाली (विषेश गरी खुम्बु, मनाङ लगायत) क्षेत्रमा अवस्थित स्वास्थ्य संस्थाहरू साथै काठमाडौं र पोखरास्थित उच्च हिमाली स्वास्थ्य समस्या (Acute Mountain Sickness) को उपचार सेवा प्रदायक स्वास्थ्य संस्था/अस्पतालहरूमा अविच्छिन्न तथा सहज स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाइ सहजीकरण गरिदिनुहुन सम्बन्धित सबैलाई पर्यटन विभाग हार्दिक अपिल गर्दछ।

२०८३ साल कात्तिक ११ गते, बुधबार
ने.सं. ११४६

निशा थापा राउत
निर्देशक

सम्पर्क नं.: ०१-५३५६२१७, ०१-५३५६२३१, पर्यटक प्रहरी: ०१-५३४७०४१, टोल फ्री नं.: ११४४
इमेल: info@tourismdepartment.gov.np, वेबसाइट: www.tourismdepartment.gov.np